धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ३२ ◆ २०८३ भदौ १ गते सोमबार, Monday, August 17, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## हाइकिङमार्फत गन्तव्य प्रवर्द्धन

गण्डकी। पर्यटन प्रवर्द्धनका लागि पोखरामा नियमित हाइकिङ कार्यक्रम सञ्चालन हुँदै आएको छ।

हाइकर्स क्लब नेपालको अगुवाइमा पोखरा आसपासका विभिन्न गन्तव्यमा हाइकिङ गर्ने गरिएको छ। यसैबीच क्लबले हाइकिङ कार्यक्रमको ७३औं शृङ्खला पूरा गरेको छ। यसपटक पोखरा महानगर पालिका-१३ को काहुँखोलाबाट आर्वा गाउँ, महाप्रभु धाम हुँदै विजयपुर पोखरी गाउँसम्म हाइकिङ गरिएको हो। हाइकिङमा सहभागीहरूले आर्वा र विजयपुरको ग्रामीण परिवेश, जीवनशैली, प्राकृतिक सौन्दर्य र धार्मिकस्थलहरूको अवलोकन गरेका थिए। व्यायामसँगै पर्यटन प्रवर्द्धन, प्रकृतिप्रेम र आपसी भाइचारा अभिवृद्धि गर्ने उद्देश्यले नियमित रूपमा हाइकिङ कार्यक्रम सञ्चालन गर्दै आएको हाइकर्स क्लब नेपालका अध्यक्ष कृष्ण रानाभाटले बताउनुभयो। हाइकिङका क्रममा ग्रामीण क्षेत्रका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको अवलोकन र प्रचारप्रसार गर्ने गरिएको उहाँको भनाइ छ। सामूहिक रूपमा गरिने हाइकिङ कार्यक्रमले आन्तरिक पर्यटन प्रवर्द्धन गर्नुका साथै स्वस्थ जीवनशैली अपनाउन प्रेरणा दिने गरेको छ। क्लबले विगत सात वर्षदेखि हरेक महिनाको अन्तिम शनिबार हाइकिङ कार्यक्रम सञ्चालन गर्दै आएको छ। हाइकिङ कार्यक्रमले नयाँ गन्तव्य स्थलको पहिचान तथा प्रवर्द्धनका साथै पदयात्राप्रति आकर्षण बढाएको क्लबका अध्यक्ष रानाभाटले बताउनुभयो।

## चोरीका सामानसहित पक्राउ

काठमाडौं। काठमाडौं महानगरपालिका-१६ टौढोलस्थित एक घरको डेरा कोठा फुटाई गरगहना, नगद तथा विभिन्न धनमाल चोरी गरेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ।

उक्त घरमा चोरी भएको सूचना प्राप्त भएपछि प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ।

पक्राउ पर्नेमा नुवाकोटका सुमन थापामगर, कञ्चनपुरका दिपेश नेगी, गोरखाका धनबहादुर सुनार र सोही ठाउँका सुकबहादुर गुरुङ रहेका छन्।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाअनुसार पक्राउ परेकाको साथबाट विभिन्न दरका नेपाली नोट रु ७५ हजार, सुनजस्तो देखिने मुन्द्रा दुई थान, झुम्का दुई थान, औंठी दुई थान, गहनाका टुक्रा ३१ थान, ल्यापटप तीन थान, मोबाइल सेट नौ थान र घडी पाँच थान बरामद भएको छ।

त्यसैगरी उनीहरूको साथबाट अमेरिकी डलर दुईको एक थान, अमेरिकी डलर एकको एक थान, क्यामरा तीन थान, चाँदीको पाउजु दुई जोर, खुकुरी एक थान, क्याप टोपी तीन थान, कालो रङको हुडी एक थान, तामाको जस्तो देखिने मूर्ति एक थान र नागरिकता एक थानसमेत बरामद गरिएको प्रहरीले जनाएको छ।

चोरीका लागि प्रयोग गरिएको रड दुई थान र फलामे छिनो एक थानसमेत प्रहरीले बरामद गरेको छ। पक्राउ परेकामाथि चोरीसम्बन्धी कसुरमा काठमाडौं जिल्ला अदालतबाट छ दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# बिपी, गणेशमानजस्ता नेतालाई निजीकरण गरी घरभित्र कैद गर्नुहुँदैनः सभापति थापा

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले बिपी कोइराला, गणेशमान सिंह जस्ता नेतालाई निजीकरण गरी घरभित्र कैद गर्न दिनु नहुने बताउनुभएको छ।

नेपाली कांग्रेसका नेता धर्म गौतमले लेख्नुभएको पुस्तक 'बिपी र विद्रोहका ती दिन' विमोचन समारोहलाई सम्बोधन गर्दै सभापति थापाले बिपीको मेलमिलापको नीतिको सन्दर्भ अहिले व्यापक रुपमा चर्चा भएको बताउनुभयो। "दुई, तीन जना बसेर बिपीले यसो भन्नुभएको थियो भन्ने गरेको सुनिन्छ, त्यसको कुनै आधिकारिकता भने हुँदैन, कुनै पुस्तक हुँदैन, दस्तावेज हुँदैन, त्यसका लागि पनि धर्म गौतमजस्ता ऐतिहासिक पृष्ठभूमि भएका व्यक्तिको पुस्तक प्रकाशन हुन जरुरी छ", उहाँले भन्नुभयो। कांग्रेस राष्ट्रिय शक्ति भएको उल्लेख गर्दै सभापति थापाले निर्वाचनमा ठूलो दल हुन नसके पनि राष्ट्रिय शक्तिको पार्टीको पहिचान कसैले खोस्न नसक्ने बताउनुभयो। कांग्रेस संस्थापन इतर समूहले हालै गरेको भेलाका विषयमा सोमबार पार्टी कार्यालयमै पत्रकार सम्मेलन गरी जानकारी गराइने भएकाले अहिले नै केही नसोध्न पनि उहाँले सञ्चारकर्मीलाई आग्रह गर्नुभयो।

पुस्तकका लेखक एवं कांग्रेस नेता गौतमले पुराना नेता सबै गाली गर्न लायक मात्र थिएनन्, सराहना गर्न लायक पनि थिए भन्ने जानकारी दिन नै आफूले प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपीसँग जोडिएका विषय समेटेर पुस्तक लेखेको जानकारी दिनुभयो। पुस्तकमा बिपीको सूत्र साम्यवादमा प्रजातन्त्र थपे समाजवाद, समाजवादबाट प्रजातन्त्र झिके साम्यवाद र मदन भण्डारीको बहुदलीय जनवादका विषयमा के फरक छ ? बिपी, विचार र दर्शनको पुञ्जलगायत विषयमा चर्चा गरिएको उहाँले बताउनुभयो। "पुस्तक बिक्रीबाट प्राप्त हुने रकममा परिवारका तर्फबाट थपेर गाउँको सामुदायिक



स्वास्थ्यचौकी र महेश्वरा आधारभूत विद्यालयलाई आधुनिक सुविधासम्पन्न बनाउन सहयोग गर्ने सल्लाह भएको छ, यसमा परिवारका सदस्य पनि सहमत छन्", लेखक गौतमले भन्नुभयो।

कार्यक्रममा पुस्तकका बारेमा वरिष्ठ पत्रकार हरिहर विरहीले समीक्षात्मक मन्तव्य दिँदै धर्म गौतमजस्ता राजनीतिज्ञले आफ्ना समयका राजनीतिक इतिहास लेखेर गए मात्र भावी पुस्ता त्यसबाट लाभान्वित हुनाका साथै विगतका राजनीतिक तथ्य पनि उजागर हुने उल्लेख गर्नुभयो।

## रुपान्तरणसहितको एकतामा वामपन्थी नेताहरूको जोड

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। वामपन्थी नेताहरूले नेपालको कम्युनिस्ट आन्दोलनको गम्भीर समीक्षा गर्दै रुपान्तरणसहितको एकतामा जोड दिनुभएको छ।

समाजवाद अध्ययन केन्द्र नेपाल द्वारा आइतबार काठमाडौंमा आयोजित 'वामपन्थी आन्दोलन अब के गर्ने ? राष्ट्रिय बहस !' कार्यक्रममा सहभागी विभिन्न पार्टीका नेताले जनसम्बन्ध सुदृढीकरण, गम्भीर बहससहित आगामी मार्ग तय गर्नुपर्ने धारणा राख्नुभयो। कार्यक्रममा नेकपा (संयुक्त)का कार्यवाहक अध्यक्ष घनश्याम भुसालले पुराना राजनीतिक शक्तिले प्रभावकारी रुपमा काम गर्न नसक्दा नयाँ राजनीतिक शक्ति स्थापित भइ शासन सञ्चालन गर्ने अवस्था आएको बताउनुभयो। उहाँले गत निर्वाचनमा पराजित हुनुको कारण अहिलेसम्म स्पष्ट रूपमा पहिचान गर्न नसकिएको भन्दै त्यसको गम्भीर समीक्षा आवश्यक रहेको बताउनुभयो। "चुनावमा हामीले कसरी हार्यौं भनेर अहिलेसम्म पत्ता लागेको छैन। त्योबारे कसैले नसम्झाइदिए हुन्थ्यो लाग्छ", उहाँले भन्नुभयो। त्यसैगरी, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता एवं पूर्वमन्त्री शक्तिबहादुर बस्नेतले नेपालको कम्युनिस्ट आन्दोलनको गम्भीर समीक्षा गर्न आवश्यक रहेको बताउनुभयो। उहाँले जनमत





कम्युनिस्ट दलहरूबाट टाढिँदै जानुको कारण पहिचान नगरेसम्म कम्युनिस्ट आन्दोलनलाई प्रभावकारी रूपमा अघि बढाउन नसकिने धारणा राख्नुभयो। कार्यक्रममा नेकपा (एमाले)का नेता कर्ण थापाले देशको विकासलगायत समग्र कामलाई प्रभावकारी बनाउन वामपन्थी शक्ति एकजुट हुनुपर्ने बताउनुभयो।

## शनिबार र आइतबार १६ हजार ३०० सिलिन्डर ग्यास बाँडियो

काठमाडौं। नेपाल आयल निगम र जिल्ला प्रशासन कार्यालयको समन्वयमा शनिबार र आइतबार काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट अतिआवश्यक उपभोक्ताका लागि १६ हजार ३०० बढी सिलिन्डर ग्यास बिक्री वितरण गरिएको छ।



बिक्रेताबाट सहजै रुपमा ग्यास नपाइएको गुनासो बढेपछि निगमले काठमाडौं र भक्तपुरका १० स्थानबाट विभिन्न कम्पनीको ग्यास बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको थियो। शनिबार काठमाडौंको टेकु, बबरमहल, चावहिल, कीर्तिपुर र वसुन्धारामा ग्यास बिक्री वितरण गरेको हो। अतिआवश्यक उपभोक्ताका लागि आइतबार टेकु, बूढानीलकण्ठ, कीर्तिपुर, नयाँबजार, तारकेश्वर, चन्द्रागिरि र ठिमीबाट विभिन्न कम्पनीका ग्यास बिक्री गरिएको थियो। सातवटा बिक्री केन्द्रबाट आज नौ हजार ५६८ थान सिलिन्डर बिक्री गरिएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिनुभयो। शनिबार छ हजार ८०२ थान सिलिन्डर बिक्री गरिएको निगमले जनाएको छ। निगमले भोलि भदौ १ गतेदेखि सम्बन्धित ग्यास उद्योगले नियुक्त गरेका बिक्रेताबाट नियमित प्रक्रिया अनुसार बिक्रीवितरणको व्यवस्था मिलाइएको जनाउँदै आफूलाई पायक पर्ने ग्यास बिक्रेताकहाँ सम्पर्क गरी खरिद गर्न उपभोक्तालाई आग्रह गरेको छ।

पछिल्लो चार महिना आधा सिलिन्डर ग्यास बिक्री वितरणको व्यवस्था मिलाइएकामा गत असार ३१ देखि १४.२ किलो बराबरको ग्यास उपलब्ध गराउन थालिएपछि बजारमा एकाएक ग्यासको अभाव देखिएको थियो।

## गोरखकाली रबर उद्योग सञ्चालन गर्न अनुगमन

गोरखा। लामो समयदेखि बन्द रहेको गोरखकाली रबर उद्योग सञ्चालनमा ल्याउन विज्ञहरुले अनुगमन तथा अध्ययन गरेका छन्। गोरखा क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य कविन्द्र बुर्लाकोटी नेतृत्वको विज्ञहरुसहितको टोलीले आइतबार गोरखकाली रबर उद्योगको अध्ययन, भ्रमण गरेका हुन्।

गोरखा नगरपालिका-१३ मझुवामा रहेको गोरखकाली रबर उद्योग सञ्चालनमा ल्याउन विश्लेषकीय भ्रमण गरेको सांसद बुर्लाकोटीले बताउनुभयो।

'अर्थ, उद्योग र कानुन मन्त्रालयको प्रतिनिधिसहित गोरखकाली रबर उद्योगको विश्लेषकीय भ्रमण गरेका छौं", उहाँले भन्नुभयो, "रबर उद्योग सञ्चालनमा ल्याउने कानुनी सम्भावन के हुन्छ, आर्थिक सम्भावन के हुन्छ भनेर यो भ्रमण पछि छलफल हुन्छ।"

छिट्टै गोरखकाली रबर उद्योग सञ्चालन गर्न आर्थिक प्रस्तावनासमेत तयार गर्ने सांसद बुर्लाकोटीले जानकारी दिनुभयो। गोरखकाली रबर उद्योग २०४१ जेठ ३० गते चीन सरकारको सहयोगमा स्थापना भएको हो। उद्योगको शिलान्यास तत्कालीन राजा वीरेन्द्र शाहले २०४२ सालमा गर्नुभयो थियो। उद्योगले २०५० सालदेखि व्यावसायिक उत्पादन सुरु गरेको थियो। एक समय स्वदेशी बजारको टायर तथा ट्युबको मागको ठूलो हिस्सा धान्दै आएको गोरखकाली रबर उद्योग करिब ६७० रोपनी क्षेत्रफलमा फैलिएको छ। उद्योगमा सरकार, नागरिक तथा विभिन्न सङ्घसंस्थाहरुको लगानी समेत रहेको थियो।

वार्षिक करिब ८८ हजार टायर उत्पादन गर्न सक्ने क्षमता विकास गरेको गोरखकाली रबर उद्योगले ट्रक, जीप, भ्यान र कारका लागि विभिन्न प्रकारका टायर उत्पादन गर्दै आएको थियो। उद्योगका उत्पादन देशका प्रमुख सहरमा रहेका डिपोमार्फत बिक्री वितरण हुन्थ्यो।

उद्योगले उत्पादन गरेका टायर भारत, बङ्गलादेश र श्रीलङ्कालगायत दक्षिण एसियाली मुलुकमा निर्यात गर्दै आएको





थियो। कुनै समय स्वदेशी मागको ठूलो हिस्सा धान्दै आएको उद्योग २०७१ चैत २३ गतेदेखि पूर्णरुपमा बन्द भयो। लामो समयदेखि बन्द हुँदा यसका संरचना र मेसिनरी प्रयोगविहीन अवस्थामा छन्। लामो समयदेखि बन्द रहेको उद्योगमा राज्यको ठूलो लगानी र भौतिक संरचना प्रयोगविहीन बनेका छन्।

लामो समयदेखि बन्द रहेको गोरखकाली रबर उद्योग सञ्चालनमा ल्याउन विज्ञहरुले अनुगमन तथा अध्ययन गर्नु र सरकारले पनि बन्द रहेका पुराना उद्योगहरुको संचालन गर्ने प्रतिबद्धता गर्नुलाई नागरिकबाट सकारात्मक रुपमा हेरिएको छ।

सम्पादकीय ....

## स्थानीय तहले बुझ्नुपर्छ

स्थानीय तहको वित्तीय अनुशासनको मूल्यांकन भने बेरुजुको प्रतिशतबाट गर्नु पर्याप्त हुँदैन । वास्तविक प्रश्न हो–एउटै प्रकृतिका वित्तीय कमजोरी हरेक वर्ष किन दोहोरिइरहेका छन् ? बेरुजु कति भयो भन्ने प्रश्नसँगै बेरुजु किन भयो, नियन्त्रणको कुन तहमा कमजोरी भयो र फेरि त्यही प्रकृतिको बेरुजु नदोहोरिने व्यवस्था गर्न के गरियो ? भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

बजेट निर्माण, योजना छनोट, खरिद योजना, लागत अनुमान, सम्झौता, कार्यसम्पादन, भुक्तानी, लेखांकन, आन्तरिक लेखापरीक्षण र अनुगमनका विभिन्न चरणमध्ये कुनै एउटा नियन्त्रण कमजोर भयो भने त्यसको परिणाम अन्ततः बेरुजुका रूपमा देखिन सक्छ। त्यसैले महालेखापरीक्षकको प्रतिवेदनलाई बेरुजु देखाउने दस्तावेजका रूपमा मात्र नभएर स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणालीको स्वास्थ्य परीक्षणका रूपमा हेर्नुपर्ने हुन्छ ।

स्थानीय तहमा वित्तीय व्यवस्थापनको अनुगमन तथा स्थलगत भ्रमणका क्रममा देखिएका व्यावहारिक अवस्थाले पनि यही तथ्यलाई पुष्टि गर्छन् । धेरै ठाउँमा समस्या नियम नजानेर मात्र भएको देखिँदैन । सम्बन्धित कर्मचारीलाई प्रक्रिया थाहा हुन्छ, आवश्यक कागजातबारे जानकारी हुन्छ र कानुनी व्यवस्था पनि बुझेका हुन्छन् । कागजमा प्रणाली हुन्छ तर प्रणालीअनुसार नियमितरूपमा काम गर्ने संस्थागत संस्कार अझै पर्याप्त बलियो बन्न सकेको छैन ।

कुनै पनि भुक्तानी हुनुअघि कागजात जाँच गर्नु, सम्झौताअनुसार काम भएको सुनिश्चित गर्नु, पेस्कीको नियमित अनुगमन गर्नु, बैंकको हिसाब मिलान गर्नु, जिन्सी अभिलेख अद्यावधिक गर्नु र आन्तरिक लेखापरीक्षणका सुझाव कार्यान्वयन गर्नु सामान्य प्रशासनिक कामजस्तो देखिए पनि वास्तवमा यिनै अभ्यास आन्तरिक नियन्त्रणका आधार हुन् ।

बजेट कार्यान्वयनमा पनि यस्तै समस्या देखिन्छ। कतिपय स्थानीय तहमा बजेट तथा कार्यक्रम राम्रोसँग तयार गरिएको त हुन्छ तर आर्थिक वर्ष सुरु भएपछि त्यसको कार्यान्वयनका लागि आवश्यक खरिद योजना, प्राविधिक तयारी, लागत अनुमान, डिजाइन, सम्झौता तथा अन्य पूर्वतयारी समयमै पूरा हुँदैनन् । त्यसपछि आर्थिक वर्षको अन्तिम चरणमा खर्च बढाउन दबाब सिर्जना हुन्छ । फलतः समय कम हुन्छ, निर्णय छिटो गर्नुपर्ने हुन्छ र अनुगमनको समय घट्छ। यसरी वर्षको अन्तिम समयमा खर्च गर्ने प्रवृत्तिले वित्तीयमात्र नभएर कार्यसम्पादन जोखिम पनि बढाउँछ ।

महालेखापरीक्षकको ६३औं प्रतिवेदनअनुसार २१९ स्थानीय तहले रु. ७ अर्ब ५६ करोड ७४ लाख ८१ हजार अबण्डा बजेट राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन् । अबण्डा बजेट राख्ने प्रवृत्तिले बजेट निर्माणको प्राथमिकता, पारदर्शिता र पूर्वानुमानयोग्यतामाथि प्रश्न उठाउँछ ।

६३औं प्रतिवेदनअनुसार २६८ स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराएका छैनन् । अघिल्लो वर्ष ३२७ स्थानीय तहले आन्तरिक लेखापरीक्षण नगराएको अवस्थामा केही सुधार देखिए पनि २६८ स्थानीय तहमा अझै यस्तो अवस्था रहनु चिन्ताको विषय हो ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# मनसुनसँगै बर्सेनि दोहोरिने चट्याङको त्रास

संगीता राई

गत असार १३ गते मध्यरात मुसलधारे पानी परिरहेको थियो । इलामको सुन्दर गाउँ रोङ गाउँपालिका-६, सलकपुरका ८८ वर्षीय कालुवीर मोक्तानको चट्याङ लागेर मृत्यु भयो । जीवनको लामो यात्रा पार गरिसकेका मोक्तानका लागि त्यो रातको चट्याङ 'काल' बनेर आयो । राति मुसलधारे पानी परिरहेको समय काठको बेरा र टिनको छानो भएको आफ्नो दुईतले घरको बरन्डामा बसिरहेका मोक्तान रातको करिब १:०० बजे अचानक आकाश थर्कियो वर्षासँगै आकाशबाट खसेको त्यही चट्याङको चपेटामा परेर घटनास्थलमै उहाँको मृत्यु भयो ।

त्यसैगरी, गत असार १४ गते सङ्खुवासभाको मकालु गाउँपालिका-१, चिर्खाङमा चट्याङ लागेर ३९ वर्षीया कुमारी राईको पनि मृत्यु भयो । ठूलो वर्षा र हावाहुरी चलिरहेका बेला घरमा रहेको मिटर बक्स बन्द गर्ने क्रममा चट्याङ लागेर उहाँ गम्भीर घाइते हुनुभएको थियो । उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र नुमतर्फ लैजाँदै गर्दा बाटोमै उहाँको मृत्यु भयो । यी घटनाहरु केही उदाहरण मात्र हुन् । जब नेपालमा वर्षायाम सुरु भएसँगै आकाशमा काला बादल मडारिन थाल्छ, सहरबजारभन्दा गाउँघरमा चट्याङको डर र त्रास पैदा हुन थाल्छ । बाढी र पहिरोजस्ता आँखाले देखिने विपद्को चर्चा धेरै भए पनि कुनै पूर्वसङ्केत बिना आकाशबाट खस्ने चट्याङले हरेक वर्ष दर्जनौंको ज्यान लिने गरेको छ भने करोडौं धनजनको क्षति हुने गर्दछ ।

नेपालमा बाढी, पहिरो र भूकम्पजस्ता प्राकृतिक विपद्को चर्चा सधैं अग्रपङ्क्तिमा हुन्छ तर तथ्याङ्क पल्टाएर हेर्ने हो भने यी ठूला र दृश्य विपद्भन्दा शान्त र अदृश्य रूपमा आउने 'चट्याङ' नेपालका लागि उत्तिकै घातक बन्दै गएको देखिन्छ । वर्षा सुरु हुनासाथ आकाशमा चम्किने बिजुली र त्यससँगै आउने गर्जन धेरैका लागि सामान्य प्राकृतिक घटना हुन् तर यही प्राकृतिक घटना केही सेकेन्डमै ज्यान लिने 'अदृश्य काल' बन्ने गरेको छ । विशेषगरी मनसुनको समयमा कोशी प्रदेशका पहाडी तथा तराई जिल्लामा चट्याङका घटना बढ्ने गरेका छन् । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको पछिल्लो पाँच वर्षको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ देखि चालु आवमा २०८२/८३ को असार सम्ममा चट्याङका कारण प्रदेशमा ६६ नागरिकले ज्यान गुमाइसकेका छन् भने २१८ जना घाइते भएका छन् । मृत्यु हुनेमध्ये ४४ पुरुष र २२ महिला रहेका छन् । घाइतेमध्ये ११५ पुरुष र १०३ महिला छन् । पुरुषहरु बाहिरी काममा बढी संलग्न रहने भएकाले महिलाको तुलनामा पुरुष बढी चट्याङको जोखिममा पर्ने गरेको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाले बताउनुभयो । कार्यालयका अनुसार आव २०७८/७९ मा १५ जनाको मृत्यु भएको छ । आव २०७९/८० मा १२ जना, आव २०८०/८१ मा १२ जना, आव २०८१/८२ मा १८ जना तथा चालु आव २०८२/८३ को असार २५ गतेसम्म नौ जनाको चट्याङका कारण मृत्यु भएको छ ।

कोशी प्रदेशमा पछिल्लो पाँच आर्थिक वर्षको तथ्याङ्क अनुसार चट्याङका घटनाबाट घाइतेको विवरण हेर्दा सबैभन्दा बढी ओखलढुङ्गामा पाँच वर्षको अवधिमा ४३ जना घाइते भएका छन् । त्यसैगरी, भोजपुरमा ४० जना, उदयपुरमा ३३ जना, खोटाङमा २७ जना र ताप्लेजुङमा १९ जना घाइते भएका छन् । त्यस्तै, झापा र सुनसरीमा १३/१३ जना, धनकुटामा नौ जना, पाँचथर र मोरङमा आठ/आठ जना तथा सोलुखुम्बुमा छ जना घाइते भएका छन् । इलाम, तेह्रथुम र सङ्खुवासभामा भने उक्त अवधिमा चट्याङबाट घाइते भएको विवरण शून्य रहेको तथ्याङ्कमा उल्लेख छ । पाँच वर्षको अवधिमा कोशी प्रदेशमा २१८ जना घाइते भएका छन् । चट्याङले विशेषगरी पहाडी जिल्लामा बढी प्रभाव पारिरहेको छ । मानिस मात्र होइन, चट्याङले पशुधन र भौतिक संरचनामा पनि ठूलो क्षति पुर्याउने गरेको छ। कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रवक्ता थापाका अनुसार पाँच वर्षको अवधिमा चट्याङका कारण एक हजार ३२ वटा पशुचौपाया मरेका छन् भने चट्याङका कारण लागेको आगलागीबाट प्रदेशका १७० वटा घर तथा गोठ जलेर नष्ट हुँदा रु तीन करोड ७२ लाख ६५ हजार ३५० बराबरको क्षति भएको छ ।

नेपालमा वर्षायाम सुरु हुनासाथ रेडियो, पत्रपत्रिका, अनलाइनदेखि टेलिभिजनसम्म बाढी र पहिरोकै चर्चा र बहस बढी सुनिन्छ तर आफ्नै घरभित्र सुरक्षित बसिरहेका सर्वसाधारणले चट्याङका कारण बर्सेनि ज्यान गुमाउनु परिरहेको तीतो यथार्थ ओझेलमा पर्ने गरेको छ । सहरको तुलनामा ग्रामीण बस्तीहरू चट्याङको उच्च जोखिम हुने गरेको छ । गाउँघरमा प्रायः घरहरू काठ र टिनले बनेका हुन्छन्, जहाँ चट्याङबाट बच्ने 'अर्थिङ' (सुरक्षा प्रविधि) जडान गरिएको हुँदैन । पहाडी भेगका स्थानीय बासिन्दामा यसबारे न त पर्याप्त सचेतना नै छ। यस्तो अवस्थामा आकाशबाट खस्ने बिजुलीको एउटै झट्काले परिवारको ओत लाग्ने ठाउँ मात्र उजाड बनाउँदैन, घरका सदस्य नै सधैंका लागि खोसेर लैजान्छ । जल तथा मौसम विज्ञान विभागकी वरिष्ठ विभागीय मौसमविद् विभूति पोखेलले पछिल्ला केही वर्षयता मौसममा देखिएको अस्थिरता र जलवायु परिवर्तनको प्रभावका कारण मेघगर्जनसहित चट्याङका घटना बढ्दो क्रममा देखिएको बताउनुभयो । "मनसुन तथा प्रि-मनसुन अवधिमा मौसममा अचानक परिवर्तन भई मेघगर्जन, हावाहुरी र वर्षासँगै चट्याङ पर्ने सम्भावना उच्च रहने भएकाले विशेष सतर्कता आवश्यक हुन्छ ।", उहाँले भन्नुभयो ।

चट्याङ प्राय खुला स्थानमा रहेका मानिसलाई बढी प्रभावित गर्छ । खेतबारीमा कृषि कार्य गरिरहेका किसान, पशुचौपाया चराइरहेका गोठाला, जङ्गलमा घाँस दाउरा सङ्कलन गर्न गएका स्थानीय तथा खुला चौर, डाँडाकाँडा वा नदीकिनारमा रहेका व्यक्तिहरू बढी जोखिममा पर्ने गरेको उहाँको भनाइ छ। ग्रामीण क्षेत्रमा जीविकोपार्जनका अधिकांश काम खुला वातावरणमै हुने भएकाले चट्याङबाट हुने मानवीय क्षति पनि पहाडी भेगका ग्रामीण क्षेत्रहरुमा तुलनात्मक रूपमा बढी देखिने गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "मौसम खराब हुने सङ्केत देखिन साथ खुला स्थानबाट सुरक्षित आश्रयमा जानुपर्छ, अग्ला रुखमुनि बस्न हुन्न, बिजुलीका पोल, टेलिफोनका तार, ट्रान्सफर्मर तथा अन्य धातुजन्य संरचनाबाट टाढा रहन सके चट्याङको जोखिम कम हुन्छ ।" सकेसम्म पक्की भवनभित्र बस्ने, झ्याल-ढोका बन्द गर्ने, विद्युतीय उपकरणको अनावश्यक प्रयोग नगर्ने तथा मौसमसम्बन्धी सूचना र पूर्वानुमान नियमित रूपमा पछ्याउने बानी बसाल्नुपर्ने उहाँको सुझाव छ ।

चट्याङबाट हुने क्षति न्यूनीकरणका लागि व्यक्तिगत सावधानी मात्र पर्याप्त भने हुँदैन । विद्यालय, स्थानीय तह, समुदाय तथा सरोकारवाला निकायले नियमित रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु, चट्याङबाट बच्ने उपायबारे नागरिकलाई जानकारी गराउनु तथा मौसमसम्बन्धी पूर्वसूचना प्रभावकारी रूपमा स्थानीयस्तरसम्म पुर्याउनसके मानवीय तथा भौतिक क्षति घटाउन सकिने मौसमविद् पोखेलको भनाइ छ ।

### 'लाइटनिङ डिटेक्सन नेटवर्क' आवश्यक

चट्याङ कहाँ, कहिले, कति पटक र कति तीव्रतासहित परेको थियो भन्ने वैज्ञानिक अभिलेख राख्न 'लाइटनिङ डिटेक्सन नेटवर्क' अपरिहार्य मानिन्छ। कोशी प्रदेशमा यस्तो प्रणाली प्रभावकारी रूपमा सञ्चालनमा नहुँदा चट्याङका घटनाको विस्तृत र वैज्ञानिक अभिलेख राख्न चुनौती रहेको छ । जल तथा मौसम विज्ञान कार्यालय धरानका सूचना अधिकारी रूपक थापाका अनुसार प्रदेशभर चट्याङको स्थान, समय, आवृत्ति र तीव्रता मापन गरी अभिलेख राख्ने प्रणाली हाल सञ्चालनमा छैन । उहाँका अनुसार कोशी प्रदेशमा अहिले विराटनगर विमानस्थलमा रहेको 'लाइटनिङ डिटेक्टर'बाट मात्रै सीमित रूपमा विवरण प्राप्त हुने गरेको छ । विमानस्थलको हवाई सेवा सञ्चालनसँग सम्बन्धित प्रयोजनका लागि जडान गरिएको उक्त उपकरणले विमानस्थल सञ्चालन अवधिमा मात्र रेकर्ड गर्ने भएकाले प्रदेशभरका चट्याङका घटनाको समग्र विवरण सङ्कलन गर्न पर्याप्त नरहेको उहाँको भनाइ छ। लाइटनिङ डिटेक्टर उपकरण धरानमा पनि छ तर धरानमा रहेको लाइटनिङ डिटेक्टर उपकरण केही वर्षअघिसम्म सञ्चालनमा रहे पनि अहिले बिग्रेको अवस्थामा रहेको छ । आवश्यक मर्मत तथा स्तरोन्नति हुन नसक्दा उपकरण पुनः सञ्चालनमा आउन सकेको छैन । थापा भन्नुहुन्छ, "धरान कार्यालयमा रहेको लाइटनिङ डिटेक्टर लामो समयदेखि बिग्रिएको कारण अहिले कोशी प्रदेशमा विराटनगर विमानस्थलबाहेक अन्यत्र चट्याङ मापन गर्ने प्रभावकारी प्रणाली छैन ।"

कोशी प्रदेशमा चट्याङका अधिकांश घटना प्रि-मनसुन र मनसुन अवधिमा हुने गरेका छन् । तर, प्रदेशका कुन क्षेत्रमा, कुन समयमा, कति पटक र कति तीव्रतासहित चट्याङ पर्यो भन्ने तथ्याङ्क नियमित रूपमा सङ्कलन गर्ने प्रणाली नहुँदा वैज्ञानिक अध्ययन तथा जोखिम विश्लेषण गर्न कठिनाइ भइरहेको छ । दैनिक, मासिक वा वार्षिक रूपमा चट्याङको अभिलेख राख्ने व्यवस्था छैन ।

थापाका अनुसार चट्याङको वैज्ञानिक अभिलेखले जोखिमयुक्त क्षेत्र पहिचान, पूर्वसूचना प्रणालीको विकास, विपद् व्यवस्थापन योजना निर्माण तथा जनधनको क्षति न्यूनीकरणका लागि महत्वपूर्ण आधार प्रदान गर्छ । त्यसैले प्रदेशका विभिन्न जिल्लामा लाइटनिङ डिटेक्सन नेटवर्क विस्तार गरी त्यसलाई नियमित सञ्चालनमा ल्याउन सके चट्याङसम्बन्धी तथ्याङ्क सङ्कलन, अनुसन्धान तथा पूर्वतयारीका काम अझ प्रभावकारी हुने उहाँको भनाइ छ ।

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं ।

सावधानी अपनाऔं, बर्ड ्लुको जोखिम घटाऔं

नेपाल सरकार,
विज्ञापन वोर्ड

## खानेपानी पूर्वाधारको संरक्षणमा ध्यान दिन मुख्यमन्त्री आचार्यको आग्रह

अर्घाखाँची । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले खानेपानीका पूर्वाधारको सुरक्षा र संरक्षणमा विशेष ध्यान दिन आग्रह गर्नुभएको छ ।

अर्घाखाँची जिल्लाको शितगङ्गा नगरपालिका–८ मा निर्माण गरिएको लाहापे डिप बोरिङ खानेपानी आयोजनाको आइतबार उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले खानेपानीका संरचनाको नियमित मर्मतसम्भार, खानेपानी पाइपको सुरक्षा तथा संरक्षणका लागि उपभोक्ता समितिहरू जिम्मेवार बन्नुपर्ने बताउनुभयो ।

मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले खानेपानी क्षेत्रमा लगानी बढाउँदै गएको बताउँदै निर्माण भएका आयोजनालाई दीर्घकालीन र प्रभावकारी रुपमा सञ्चालन गर्न उपभोक्ताको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो । उहाँले ‘खानेपानी आयोजनालाई दिगो रुपमा अघि बढाउन उपभोक्ताको महत्वपूर्ण भूमिका रहन्छ”, मुख्यमन्त्री आचार्यले भन्नुभयो, “उपभोक्ता समितिले आन्तरिक कोषको व्यवस्थापन गरेर साना खालका समस्या समाधान गर्ने प्रणाली विकास गर्नुपर्छ ।”,

खानेपानीका संरचना निर्माणमा मात्रै सीमित नभई त्यसको नियमित सञ्चालन, मर्मतसम्भार र संरक्षणमा ध्यान दिनुपर्ने बताउनुभयो । प्रदेश सरकारले नागरिकलाई स्वच्छ र सहज रुपमा खानेपानी उपलब्ध गराउने उद्देश्यले विभिन्न क्षेत्रमा खानेपानीका आयोजना सञ्चालन गरिरहेको मुख्यमन्त्री आचार्यको थियो । प्रदेशमा निर्माणाधीन तथा अधुरा रहेका खानेपानी आयोजनालाई प्राथमिकताका आधारमा सम्पन्न गर्ने लक्ष्य सरकारको रहेको बताउनुभयो । नागरिकको आधारभूत आवश्यकतासँग प्रत्यक्ष जोडिएको खानेपानी सेवाको विस्तारलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको उहाँले स्पष्ट पार्नुभयो ।

मुख्यमन्त्री आचार्यले खानेपानी आयोजना निर्माणका क्रममा स्थानीय आवश्यकता, स्रोतको उपलब्धता र दीर्घकालीन सञ्चालनलाई ध्यान दिनुपर्ने बताउँदै आयोजना सम्पन्न भएपछि त्यसको स्वामित्व उपभोक्ताले लिनुपर्नेमा जोड दिनुभयो । लाहापे डिप बोरिङ खानेपानी आयोजना सञ्चालनमा आएपछि शितगङ्गा नगरपालिका–८ का स्थानीय बासिन्दालाई खानेपानीको सहज पहुँच पुग्ने अपेक्षा गरिएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय अर्घाखाँचीका प्रमुख रामभरोस यादवले बताउनुभयो ।

## विश्व बैंकको सहयोगमा पोखरामा दुई सडक निर्माण, एक निर्माणाधीन

गण्डकी । नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजनाअन्तर्गत कास्कीको पोखरा महानगरपालिकास्थित शिशुवा–खुदीखोला र कालिकास्थान–लामेआहाल–पुँडीटार सडक विस्तार तथा स्तरोन्नितको काम सकिएको छ ।

पोखरा–३० को शिशुवा–खुदीखोला चार दशमलव १४ किमी सडक उद्घाटन भइसकेको छ भने पोखरा–३३ मा पर्ने कालिकास्थान–लामेआहाल–पुँडीटार सडक हस्तान्तरण हुन बाँकी छ । आयोजना अन्तर्गत पोखरा–२७ तालचोकबाट पोखरा–३१ बेगनास जोड्ने सडक भने निर्माणाधीन अवस्थामा छ ।

चार लेनको उक्त सडक आगामी कात्तिक मसान्तसम्ममा सक्ने गरी अन्तिम पटकलाई म्याद थप गरिएको आयोजनाका स्रोतव्यक्ति इन्जिनियर नवीन गौतमले जानकारी दिनुभयो । सङ्घ सरकारको समन्वय तथा विश्व बैंकको आर्थिक सहयोगमा पोखरामा उक्त आयोजना सञ्चालनमा काम भइरहेको उहाँको भनाइ छ ।

विश्व बैंकको रु ४८ करोड ९६ लाख ३५ हजार २५४ आर्थिक सहयोगमा शिशुवा–खुदीखोला सडक निर्माण भएको हो । नालीसहित १५ मिटरमा दुई लेन सडक, एक दशमलव पाँच मिटर साइकल लेन र दुई दशमलव पाँच मिटर फुटपाथ ट्र्याक रहेको इन्जिनियर गौतमले बताउनुभयो । आशिष निर्माण सेवाले विसं २०८१ वैशाख २ गते निर्माण सम्झौता गरी निर्धारित समयमै सडकको काम सकेको उहाँको भनाइ छ ।

कालिकास्थान–लामेआहाल–पुँडीटार सडक निर्माण पनि गत असारमै पूरा भएको उहाँले बताउनुभयो । पोखरा भित्रिने वैकल्पिक सडकका रूपमा हेरिएको उक्त सडकको दूरी १२ दशमलव ४४ किमी रहेको छ । साइकल ट्रेक र फुटपाथसहित सडक निर्माण गरिएको इन्जिनियर गौतमले बताउनुभयो । आशिष निर्माण सेवाले रु ७७ करोड ६८ लाखमा ठेक्कामा उक्त सडक बनाएको हो ।

पोखरा–३३ का वडाध्यक्ष रामचन्द्र अधिकारीले छिटपुटबाहेक सडक निर्माण सकिएको बताउनुभयो । सडक उद्घाटन भने भइसकेको छैन । सडकको दायाँबायाँ तीन मिटरमा फलफूलका बिरुवा रोप्ने योजना रहेको वडाध्यक्ष अधिकारीले जानकारी दिनुभयो । तनहुँको कोत्रे हुँदै बाघमारा भएर पोखरा भित्रिने वैकल्पिक मार्गका रूपमा यो सडकलाई विकास गर्नुपर्ने उहाँले बताउनुभयो । सडक स्तरोन्नति भएसँगै आवतजावत तथा स्थानीय उत्पादनको बजारीकरणमा पनि महत्वपूर्ण टेवा विश्वास लिइएको छ । साविक भरतपोखरी गाउँ विकास समिति रहेको यस क्षेत्र पोखरा महानगरपालिकामा गाभिए पनि अपेक्षित रूपमा विकास हुन नसकेको वडाध्यक्ष अधिकारीले बताउनुभयो । महानगरभित्रका ग्रामीण र विकासमा पछाडि पारिएका वडालाई बजेट तथा कार्यक्रममा प्राथमिकता दिन महानगरको नेतृत्वससँग पहल भइरहेको उहाँको भनाइ छ ।

निर्माणमा ढिलासुस्ती भइरहेको तालचोक–बेगनास सडकलाई थपिएको म्यादभित्र काम सक्न महानगरले ताकेता गरिरहेको महानगरप्रमुख धनराज आचार्यले बताउनुभयो ।

उक्त सडकमा देखिएको जग्गाको मापदण्ड लगायत विवाद समाधान भइसकेकाले अब निर्माणले गति लिने उहाँले विश्वास व्यक्त गर्नुभयो । “सडकको काम पूरा गर्न निर्माण कम्पनीलाई समयसीमा दिएका छौं । समयमै काम सकिनेमा हामी विश्वस्त छौं”, प्रमुख आचार्यले भन्नुभयो । विसं २०७९ चैतदेखि निर्माण थालिएको तालचोक–बेगनास सडक निर्माण कम्पनीको ढिलासुस्तीका कारण समयमा बन्न नसकेको हो । तीन दशमलव २८ किमीको उक्त सडकलाई चार लेनमा स्तरोन्नति गर्न ‘स्वच्छन्द–सपना–वर्ल्डवाइड जेभी’ले निर्माण जिम्मा पाएको थियो । ठेक्का सम्झौता भएको एक वर्षपछि बल्ल सडक निर्माण सुरु भएको थियो ।

रु एक अर्ब ४९ करोडको लागत योजना रहे पनि निर्माण कम्पनीसँग भ्याटसहित रु ७५ करोड ४८ लाखमा ठेक्का सम्झौता भएको इन्जिनियर गौतमले जानकारी दिनुभयो । फुटपाथ ट्र्याक, साइकल लेन, सडक बत्ती र पार्किङसहितको नुमना सडक बन्ने उहाँको भनाइ छ ।

सडक छेउछाउमा बगैँचा, यात्रु प्रतिक्षालयसहित आकर्षक पूर्वाधार बनाइने बताउँदै उहाँले सडकमा तीन वटा पुल निर्माणाधीन अवस्थामा रहेका जानकारी दिनुभयो । अहिले सडक विस्तार, फुटपाथ, कल्भर्ट, नाला र पर्खाल निर्माण भइरहेको छ ।

पृथ्वी राजमार्गसँग जोडिएको उक्त सडक बेगनास, रुपा गाउँपालिका हुँदै लमजुङ जोडिन्छ । महानगरको गौरवको आयोजनाका रूपमा तालचोक–बेगनास सडक विस्तार एवं स्तरोन्नति कार्यलाई अगाडि बढाइएको हो । पोखरा महानगरपालिका र सहरी विकास तथा भवन निर्माण विभागबीच सन् २०२१ मार्चमा परियोजना सम्झौता भई सडक निर्माण सुरु भएको थियो ।

## कृषि सामग्री कम्पनीबाट दुई हजार मेट्रिकटनभन्दा बढी मल बिक्री

दमौली । कृषि सामग्री कम्पनी दमौलीले एक वर्षको अवधिमा दुई हजार ७०० मेट्रिकटनभन्दा बढी मल बिक्री गरेको छ । कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा दुई हजार ७६६ दशमलव ६७ मेट्रिकटन मल बिक्री गरेको हो । कार्यालय प्रमुख विजया बास्कोटाका अनुसार तनहुँमा एक हजार ९०३ दशमलव शून्य ७५ मेट्रिकटन र लमजुङमा ८६३ दशमलव ६०० मेट्रिकटन मल बिक्री गरिएको छ । उक्त अवधिमा युरिया, डिएपी, पोटास र चुन मल बिक्री गरिएको उहाँले बताउनुभयो ।

बास्कोटाका अनुसार तनहुँमा एक हजार ३८३ दशमलव १५० मेट्रिकटन युरिया, ४६५ दशमलव १०० मेट्रिकटन डिएपी, ४७ दशमलव २५० मेट्रिकटन पोटास र सात दशमलव ५७५ मेट्रिकटन चुन बिक्री गरिएको छ । यस्तै, लमजुङमा ६४३ दशमलव ८०० मेट्रिकटन युरिया, १७७ दशमलव २०० मेट्रिकटन डिएपी, ३५ दशमलव ९०० मेट्रिकटन पोटास र छ दशमलव ७०० मेट्रिकटन चुन बिक्री गरिएको प्रमुख बास्कोटाले जानकारी दिनुभयो । उक्त आवमा दुई हजार ७५१ मेट्रिकटन मल प्राप्त भएको थियो भने अघिल्लो आवको २०० दशमलव १२५ मेट्रिकटन मौज्दात थियो ।

आव २०८२/८३ मा बिक्री भएर १८४ दशमलव ४५० मेट्रिकटन मल चालु आवका लागि मौज्दात रहेको बास्कोटाले जानकारी दिनुभयो । आव २०८२/८३ मा युरिया दुई हजार २५ मेट्रिकटन, डिएपी ६०० मेट्रिकटन, पोटास १०५ मेट्रिकटन र चुन २१ मेट्रिकटन प्राप्त भएको थियो । प्रमुख बास्कोटाका अनुसार युरिया ११४ दशमलव ४००, डिएपी २१ दशमलव शून्य ५०, पोटास २२ दशमलव ५०० र चुन २६ दशमलव ५०० मेट्रिकटन मल मौज्दात छ । चालु आव २०८३/८४ को साउनको २८ गतेसम्म युरिया २७१ र डिएपी २०० मेट्रिकटन मल प्राप्त भएको छ । अघिल्लो वर्षको बाँकी रहेकोसहित हालसम्म ४३४ दशमलव ८०० मेट्रिकटन मल बिक्री भइसकेको छ । कार्यालयका सूचना अधिकारी मदन थपलियाका अनुसार प्रदेश मन्त्रालयले प्रत्येक स्थानीय तहका लागि मल बिक्रीको कोटा तोकेर पठाउने गरेको छ । प्रदेशबाट कोटा आएपछि स्थानीय तहमा रहेको मल व्यवस्थापन समितिले आफ्नो क्षेत्रमा आवश्यकताका आधारमा मलको मात्रा निर्धारण हुने उहाँले बताउनुभयो ।

## साइकल यात्राबाट गोरक्षतालको प्रवर्द्धन गरिँदै

बागमती । हिमालयन राइडर्स सोसाइटी हेटौँडाले हेटौँडा उपमहानगरपालिका–१८ स्थित गोरक्षतालको प्रवर्द्धन गर्ने उद्देश्यले अभियान सुरु गरेको छ । पर्यटकीय सम्भावना रहेर पनि अपेक्षित प्रचारप्रसार हुन नसकेको गोरक्षतालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आइतबार साइक्लिङ आयोजना गरेको हो ।

साइक्लिङका माध्यमबाट हेटौँडासहित देशका विभिन्न पर्यटकीय सम्भावना बोकेका गन्तव्यको प्रवर्द्धन गरिरहेको सोसाइटीले गोरक्षतालको प्रचारप्रसार गर्ने उद्देश्यले आइतबार साइक्लिङको आयोजना गरिएको सोसाइटीका अध्यक्ष राजु थापामगरले जानकारी दिनुभयो । हेटौँडा बजारबाट चतरा जाने मुख्य सडक हुँदै करिब २० किलोमिटर पूर्वमा यो ताल अवस्थित छ ।

सुरुमा यहाँ सानो खोल्सोबाट पानी बग्ने गरेकामा २०६० सालमा स्थानीयवासीको पहल तथा जिल्ला विकास समितिको सहयोगमा हरना फाँटमा सिँचाइ सुविधा पुर्याउने उद्देश्यले बाँध निर्माण गरी पानी जम्मा गरिएपछि यो ताल निर्माण भएको हो । विसं २०७० मा यस क्षेत्रलाई पर्यटन गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यका साथ गोरक्षताल संरक्षण समिति गठन गर्दै यहाँको पर्यटकीय विकासको पहल थालिएको थियो ।

तालको परिसरमा फूलहरूको सुगन्ध, चराचुरुङ्गीको चिरविराहट तथा शान्त प्राकृतिक वातावरणको आनन्द यहाँका विशिष्टता हुन् । तालको प्रचारप्रसारसहित पर्यटन प्रवर्द्धनको उद्देश्यसहित सोसाइटीले आज यस क्षेत्रको प्रवर्द्धनात्मक भ्रमण गरेको अध्यक्ष थापामगरले जानकारी दिनुभयो । साइक्लिङका माध्यमबाट हेटौँडामा पाँच वर्षयता औपचारिक रूपमा सङ्गठित भइरहेको सोसाइटीले स्वास्थ्य, पर्यावरण र पर्यटन क्षेत्रको विकास र विस्तारमा जोड दिँदै आएको उहाँले बताउनुभयो । संस्थाले यसबीचमा हेटौँडा उपमहानगरपालिका–१७ हटिया जुरेथुमस्थित एसियाकै अग्लो मानिने ४२ फिट अग्लो कृष्णमूर्ति, ऐतिहासिक मकवानपुर गढी, गोरखा दरबार, रसुवागढी, केरुङ, ठोरी, गढीमाई मन्दिर, धरानको चतराधाम, चितवनको सोमेश्वरगढीलगायत धार्मिक पर्यटकीय गन्तव्यको प्रवर्द्धन गरिसकेको उहाँले जानकारी दिनुभयो ।

## पिपल्स च्वाइसमा पाँच खेलाडीको नाम सार्वजनिक

काठमाडौं । नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को आयोजनामा हुने पल्सर स्पोर्ट्स अवार्डअन्तर्गत ‘पिपल्स च्वाइस’मा विभिन्न खेलका पाँच खेलाडी मनोनयनमा परेका छन् । भलिबलकी मीना सुनार, फुटबलकी पूजा राना, कराँतेकी सानुमाया थिङ, क्रिकेटका शेर मल्ल र मिक्स मार्सल आर्टका रवीन्द्र ढाँट मनोनयनमा परेका हुन् ।

यस विधाका विजेताले एक थान पल्सर मोटरसाइकल प्राप्त गर्ने आयोजकले जनाएको छ । विसं २०८२ भरि उत्कृष्ट खेल प्रदर्शन गरेको आधारमा पाँच खेलाडी चयन गरिएको आयोजक मञ्चका अध्यक्ष निरञ्जन अधिकारीले जानकारी दिनुभयो । उहाँले वर्षभरि सफलता पाएर चर्चामा रहेका र सफलताको बाबजुद पनि ओफेलमा परेका खेलाडीलाई मनोनयन गरिएको बताउनुभयो ।

अध्यक्ष अधिकारीका अनुसार जनताको मतदान (भोटिङ) का आधारमा अवार्डको विजेता चयन हुनेछन् । आयोजक मञ्चसँग आबद्ध खेल पत्रकार, विभिन्न खेलका राष्ट्रिय प्रशिक्षक, सामाजिक सञ्जालका समर्थक र डिजिटल वालेट आइएमई खल्तीबाट प्राप्त मतको आधारमा विजेता चुनिने उहाँले जानकारी दिनुभयो ।

खल्तीको मतभार ५० प्रतिशत हुनेछ भने बाँकी ५० प्रतिशत सामाजिक सञ्जाल फेसबुक, नेपाल ओलम्पिक कमिटीमा आबद्ध राष्ट्रिय खेल सङ्घका मुख्य प्रशिक्षक र खेलकुद पत्रकार मञ्चका सदस्यहरूबाट प्राप्त मतको हुनेछ । यस विधाका विजेताले एक थान पल्सर मोटरसाइकल प्राप्त गर्नेछन् । गत वर्ष पिपल्स च्वाइसको अवार्ड भलिबलका हिमाल सुनारीले जितेका थिए ।

आइतबार नेपाल खेलकुद पत्रकार मञ्च र विद्युतीय भुक्तानीका लागि चर्चित सेवाप्रदायक कम्पनी खल्ती बाई आइएमइ बीच मतदान साझेदारका रूपमा प्रायोजन सम्झौतासमेत भएको छ । सम्झौतापत्रमा खल्ती बाई आइएमईकी प्रमुख पूजा धामी र मञ्चका अध्यक्ष अधिकारीले हस्ताक्षर गर्नुभयो । एनएसजेएफले पिपल्स च्वाइस अवार्डको मत खल्तीमार्फत लिनेछ ।

यस अवसरमा यस वर्ष पनि कार्यक्रममा जोडिन पाउँदा आफू उत्साहित भएको बताउँदै धामीले खेलाडीको सम्मानमा मञ्चले गर्ने यस्ता कार्यक्रम सराहनीय र प्रशंसायोग्य रहेका जनाउनुभयो । मञ्चका अध्यक्ष अधिकारीले आइएमई खल्ती परिवारप्रति कृतज्ञता व्यक्त गर्दै खल्तीले स्पोर्ट्स अवार्डलाई थप उचाइमा लग्ने विश्वास व्यक्त गर्नुभयो । एसियाली खेलकुद पत्रकार सङ्घ (एआइपिएस) एसियाका कोषाध्यक्ष निरञ्जन राजवंशीले ‘पिपल्स च्वाइस पल्सर’ खेलकुदको महत्वपूर्ण पाटो भएको बताउनुभयो । उहाँले मनोनयनमा परेका खेलाडी महिनाभरि खेल खेली चर्चामा रहने भएकाले उक्त कार्यक्रमले अवार्डकै ओज बढाउने उल्लेख गर्नुभयो ।

मतदानमा नयाँ शैली

पिपल्स च्वाइस विधाको भोटिङ प्रक्रियामा एनएसजेएफले यसपाली नयाँ शैली अपनाउने निर्णय गरेको छ । विगतका वर्षमा आफ्नो मनपर्ने खेलाडीलाई भोट हाल्न समर्थकहरूले जति रकम हाल्न पाइन्थ्यो । तर यसपाली एक समर्थकले एक दिनमा एक भोट मात्र हाल्न पाउनेछन् ।

जसका लागि रु १० मात्र राख्न पाउने नियम बनाइएको छ । अर्थात् अब एक समर्थकले एउटा प्रयागकर्ता अकाउन्ट बाट दिनमा एक पटक मात्र भोट हाल्न सक्नेछन् । तर भोट भने प्रत्येक दिन हाल्न पाइनेछ ।

मञ्चका अध्यक्ष अधिकारीले परिवर्तनबारे जानकारी दिँदै भन्नुभयो, “विगतमा समर्थकले चाहेजति रकमको भोट एकसाथ हाल्न पाइन्थ्यो । यसले गर्दा योग्य उम्मेदवारभन्दा पनि अन्यले मौका पाउने जोखिम बढ्यो । मञ्चको उद्देश्य नाफा कमाउने नभई योग्य उम्मेदवार अगाडि आउन भन्ने हो । त्यसैले यो नयाँ तरिका अपनाइएको हो । हामीलाई विश्वास छ, यो तरिकामा सबैपक्ष खुसी हुनेछ ।” एसियाली खेलकुदको एकल काता र टिम कातामा छानिनुभएकी कराते खेलाडी सानुमायाले पिपल्स च्वाइसको मनोनयनमा परेपछि खुसी व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “यो सफलताका लागि म कराते परिवार, प्रशिक्षक मण्डेकाजी श्रेष्ठ र अन्य सबैलाई धन्यवाद दिन चाहन्छु ।

यसले मेरो खेल करिअरमा नयाँ ऊर्जा थपिएको मैले महसुस गरेको छु ।” त्यस्तै भलिबलकी चर्चित युवा खेलाडी मीनाले पनि पिपल्स च्वाइसमा छानिन पाउनुलाई गर्वको विषय भनी व्याख्या गर्नुभयो । उहाँ पनि एसियाली खेलकुदको बन्द प्रशिक्षणमा हुनुहुन्छ । मनोनयनमा पर्ने अन्य खेलाडी पूजा, रविन्द्र र शेर विदेशमा रहेकाले उपस्थित नभएकाले आयोजकले जनाएको छ ।

# विजयपुर खोलाले बगाएका दुई बालक अझै बेपत्ताः खोजी जारी

कास्की। पोखराको विजयपुर खोला तर्ने क्रममा शनिबार दिउँसो बगेर बेपत्ता भएका दुई बालकको अवस्था अझै पत्ता लाग्न सकेको छैन । सुरक्षाकर्मीले गोताखोरसहित विभिन्न विधि प्रयोग गरी शनिबार र आज विजयपुर खोला र सेती नदी आसपास खोजी गरेपनि अवस्था पत्ता लाग्न नसकेको हो ।

स्याङ्जा स्थायी घर भई पोखरा-१४ छिनेडाँडा बस्ने १४ वर्षीय निक्सन गुरुङ र चाउथे बस्ने १५ वर्षीय ओमन राईलाई खोलाले बगाउँदै दुवै जना बेपत्ता भएका थिए । बेपत्ता बालकको अवस्था पत्ता लाग्न नसक्दा परिवार चिन्तित बनेका छन् ।

शनिबार दिउँसो १:२० बजे विजयपुर खोला तर्ने क्रममा उनीहरूलाई खोलाले बगाएको थियो । घटनालगत्तै खोजी सुरु गरिए पनि हालसम्म फेला पार्न नसकिएको सशस्त्र प्रहरी बल नेपाल नं २४ गण हेडक्वार्टर कालिका कास्कीले जनाएको छ । सशस्त्र प्रहरी बल नेपाल नं २४ गण हेडक्वार्टर कालिकाबाट सशस्त्र प्रहरी निरीक्षक साजन श्रेष्ठको कमाण्डमा पाँच जना गोताखोरसहितको विपद् व्यवस्थापन टोली आवश्यक उद्धार सामग्री लिएर पुनः परिचालन भएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो। उहाँका अनुसार उक्त टोलीले घटनास्थलबाट करिब दुई किलोमिटर तलसम्म खोलाको किनार तथा खोँचहरूमा खोजी गरिरहेको छ ।

त्यहाँ पनि फेला नपरेपछि आइतबार दिउँसो ३:०० बजेदेखि घटनास्थलभन्दा करिब दुई किलोमिटर तल रहेको पक्की पुलबाट 'र्‍याप्लिङ क्लाइम्बिङ' तथा 'रोप रेस्क्यु' विधि प्रयोग गरी खोजी गरिएको थियो । सशस्त्र प्रहरी सहायक हवल्दार किरण सुवेदी र सशस्त्र प्रहरी जवान देवराज खनाल पुलबाट करिब ८० मिटर तल रहेको खोँचमा पुगेर खोजीमा खटिएका सहायकप्रजिअ बरालले जानकारी दिनुभयो । खोजीका क्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङ, नेपाली सेना कृष्णदल गण फुलबारीका गणपति प्रमुख सेनानी राजेन्द्र पुडासैनी, सशस्त्र प्रहरी नं २४ गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक बसन्तबहादुर सिंह, राष्ट्रिय अनुसन्धान कार्यालय कास्कीका उप अनुसन्धान निर्देशक मोहनबहादुर कुँवर र जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरीक्षक वीरेन्द्र पासवानसहितको संयुक्त टोलीले घटना स्थलको स्थलगत अनुगमन गरेको थियो ।

विजयपुर खोला पोखरा-२७ मोरेखरे हुँदै सेती नदीमा मिसिने भएकाले विजयपुर खोलासहित सेती नदी किनारमा पनि नियमित खोजीकार्य भइरहेको सहायकप्रजिअ बरालले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्ला प्रशासन कार्यालय तनहुँ, चितवन र नवलपरासी प्रहरीसँग समेत खोजीका लागि समन्वय भइरहेको छ। यसैबीच, जिल्ला प्रशासन कार्यालयले वर्षायाममा नदी तथा खोला किनारमा नजान र बालबालिकामाथि विशेष निगरानी राख्न आग्रह गरेको छ ।

# कांग्रेसद्वारा पार्टीका सदस्यहरुलाई विपद्मा परेकाको उद्धारमा जुटन निर्देशन

काठमाडौं । नेपाली कांग्रेसले अहिलेको विपद्को अवस्थामा पार्टीका सम्पूर्ण सदस्यहरुलाई उद्धार, पुनःस्थापना र राहतका कार्यमा अविलम्ब सहभागी हुन निर्देश गरेको छ ।

कांग्रेसले यसअघि नै आफ्नो नेतृत्वमा बनेको प्रदेश र स्थानीय सरकारलाई विपद्का घटनामा उद्धार, राहत र पुनःस्थापनाका लागि निर्देश गरिसकेको जनाएको छ। सभापति गगनकुमार थापाको सभापतित्वमा यही साउन २४ गतेदेखि जारी बैठकले जाजरकोटको भेरी नगरपालिका-२ रिसाङमा शनिबार राति अविरल वर्षापछि आएको पहिरोमा परी जीवन गुमाउनेहरु प्रति श्रद्धाञ्जली अर्पण गरेको छ। साथै, मृतकका परिवारप्रति गहिरो समवेदना व्यक्त गरेको छ ।

बैठकले घाइतेहरुको तत्काल उचित उपचार व्यवस्था मिलाउन सरकारसँग माग गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

# मुख्यमन्त्री भट्टद्वारा सेती प्रादेशिक अस्पतालको स्थलगत निरीक्षण

कैलाली। सुदूरपश्चिम प्रदेशका नवनियुक्त मुख्यमन्त्री खगराज भट्टले आइतबार धनगढी स्थित सेती प्रादेशिक अस्पतालको निरीक्षण गर्नुभएको छ ।

मुख्यमन्त्री भट्टले प्रादेशिक अस्पतालको आकस्मिक कक्ष, डायलायसिस सेवा, सघन उपचार कक्ष (आइसीयू) लगायत विभिन्न वार्डको स्थलगत निरीक्षण गर्नुभएको हो। निरीक्षणका क्रममा उहाँले अस्पतालको समग्र सुधारका लागि प्रदेश सरकारले आवश्यक पहल गर्ने बताउनुभयो। प्रदेशको स्वास्थ्य सेवा सुधारलाई प्राथमिकतामा राख्ने उहाँले बताउनुभयो। यहाँको स्वास्थ्य सेवाको प्रमुख भरोसाको केन्द्रका रूपमा रहेको सेती प्रादेशिक अस्पतालको अवस्था अपेक्षाअनुसार नरहेको मुख्यमन्त्री भट्टको भनाइ थियो । उहाँले अस्पताल सुधारका लागि प्रदेश सरकार, अस्पताल प्रशासन, चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी सबैले जिम्मेवारीपूर्वक काम गर्नुपर्नेमा जोड दिनुभयो ।

मुख्यमन्त्री भट्टले अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा हेमराज पाण्डेयलाई एक साताभित्र अस्पताल सुधारको स्पष्ट कार्ययोजना पेस गर्न निर्देशन दिनुभयो । उहाँले तत्काल गर्नुपर्ने सुधार, आवश्यक पूर्वाधार, उपकरण, जनशक्ति तथा बजेटको आवश्यकतासहितको योजना तयार पार्न निर्देशन दिनुभयो ।

निरीक्षणमा क्रममा सामाजिक विकासमन्त्री सन्तोष शर्मा थापा, सामाजिक विकास मन्त्रालयका निमित्त सचिव डा नीरज अर्याल, आयुर्वेद महाशाखा प्रमुख डा चेतराज जोशीलगायतको सहभागिता थियो ।

# पायकपर्ने बिक्रेताबाट ग्यास खरिद गर्न आग्रह

काठमाडौं। नेपाल आयल निगमले भदौ १ गते सोमबारदेखि सम्बन्धित ग्यास उद्योगद्वारा नियुक्त गरिएका बिक्रेताबाट नियमित प्रक्रियाअनुसार ग्यासको बिक्रीवितरणको व्यवस्था मिलाइएको जनाएको छ । निगमले आइतबार सूचना जारी गर्दै आफूलाई पायकपर्ने ग्यास बिक्रेताकहाँ सम्पर्क गरी ग्यास खरिद गर्न उपभोक्तालाई आग्रह गरेको हो ।

निगमले ग्यास वितरणलाई व्यवस्थित बनाउन दैनिक बिक्री गर्ने बिक्रेता/वितरकको नाम, ठेगाना, सम्पर्क नम्बर, सिलिन्डर सङ्ख्यासहितको विवरण प्रत्येक दिन बिहान ९:०० बजेभित्र उपलब्ध गराउन उद्योगीलाई निर्देशन दिएको छ ।

ग्यास बिक्रेता/वितरकले बिक्री गरेको ग्यासको परिमाण, उपभोक्ताको नाम, सम्पर्क नम्बरसहितको विवरण दैनिक रूपमा तयार पारी अनिवार्य रुपमा सम्बन्धित उद्योग र सम्बन्धित उद्योगले निगमलाई सो विवरण सोही दिन उपलब्ध गराउनुपर्ने छ ।

अत्यावश्यक भएका घरायसी प्रयोजनका लागि प्रयोग गर्ने उपभोक्तालाई उच्च प्राथमिकतामा राखी ग्यास बिक्री गर्न तथा ग्यास ढुवानी र वितरण कार्यमा सुरक्षाको दृष्टिबाट सहजीकरणका लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा गृह मन्त्रालयमार्फत अनुरोध गरिएको निगमले जनाएको छ।

## Jwalamukhi Rural Municipality
### Office of Rural Municipality Executive
Sadhabhanjyang, Dhading
Bagmati Province, Nepal

**Invitation for Bids**

Date of publication: 2083-05-01

1. Jwalamukhi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of Following Project. Mention below under National Competitive Bidding procedures. The estimated amount (without VAT & Contingency) for the works is Mention Below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jwalamukhi Rural Municipality, Sadhbhanjyang, Dhading or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders who choose to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp at cost.Information to deposit the cost of bidding documents in bank. Account Name: GA 3 Jwalamukhi GA.PA Dharauti Khata
Bank Name: Nepal Investment Mega Bank Ltd
Bank Address: Jwalamukhi- 6, Dhading
Account Number: 16601400000048
4.Pre-bid meeting shall be held at Jwalamukhi Rural Municipality, Office of Rural Municipal Executive, Sadhbhanjyang, Dhading at 13:00 Hrs on 2083-05-10.
5.Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Hrs. on 2083-05-22. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs on 2083-05-22 at the office Jwalamukhi Rural Municipality, Office of Rural Municipal Executive, Sadhbhanjyang, and Dhading. Bids must be valid for a period of Ninety (90) days from the bid submission deadline and must be accompanied by a scanned copy of the bid security in .pdf format in case of e-bid, amount are mention below. Which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. All other terms|& conditions will be as prevailing, procurements act & regulation of government of Nepal.
9. The details information of the bid are mention below:

| S.N | Contract Identification No. | Description of Works | Estimated Amount (without VAT & Contingency )in NRs. | Bid Security Amount in NRs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | JWALA/DHD/05/2083/084 | Hulakbhanjyang Salbas Deurali Bangeraha Sadak | 1, 29, 43,440.31 | 324000.00 | |
| 2 | JWALA/DHD/06/2083/084 | Sadhbhanjyang Khari Bungkotghat Sadak | 1, 28, 98,408.91 | 324000.00 | |

**Chief Administrative Officer**

# नेपाल ए क्रिकेट टोली अष्ट्रेलियातर्फ

काठमाडौं। अष्ट्रेलियामा आयोजना हुने 'टप एन्ड टी-२० सिरिज'मा सहभागिता जनाउने नेपाल 'ए' क्रिकेट टोलीको बिदाइ गरिएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान)ले आइतबार आयोजित कार्यक्रमबीच टोलीको बिदाइ गरेको हो ।

टोलीलाई क्यानका उपाध्यक्ष रोशनकुमार सिंह, सदस्य वीरेन्द्रबहादुर चन्दलगायतले बिदाइ गर्नुभयो। उपाध्यक्ष सिंहले टोलीलाई शुभकामना दिँदै उत्कृष्ट नतिजाको आशा राखेको बताए । "नेपाली टोलीले जित्दा सबैले प्रशंसा पाउँछौँ। हार्दा बढी प्रश्न खेलाडीभन्दा क्यानमाथि तेर्स्याइन्छ । यसपालि हाम्रा खेलाडीले उत्कृष्ट खेल्नेमा आशावादी छौँ", उपाध्यक्ष सिंहले भने। टप एन्ड टी-२० सिरिजमा नेपाल 'ए' को कप्तानी अनिलकुमार साहले गर्नेछन्। टोलीमा कुशल भुर्तेल, लोकेश बम, मयन यादव, तृतराज दास, कुशल मल्ल, राशिद खान, पवन सर्राफ, दीपक डुम्रे, शाहब आलम, विपिन खत्री, रिजन ढकाल, नारायण जोशी, आकाश चन्द र युवराज खत्री पनि रहेका छन् ।

# बस्ती पसेको बाघ नियन्त्रणमा

चितवन। राप्ती नगरपालिका-१ दुविचौर क्षेत्रमा देखिएको पाटेबाघलाई नियन्त्रणमा लिइएको छ। शुक्रबार रातिदेखि बस्ती क्षेत्रमा देखिएको बाघ नियन्त्रणमा लिनका लागि निकुञ्जले प्राविधिक टोली परिचालन गरेकामा हिजो बिहान नियन्त्रणमा लिइएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनास थापामगरका अनुसार प्राविधिक टोलीको तेस्रो पटकको प्रयासमा बाघलाई डार्ट (बेहोस पार्ने औषधि) दिएर सफल भइएको हो । "नियन्त्रणमा लिइएको बाघलाई सौराहा ल्याएर स्वास्थ्य परीक्षण गर्नेछौँ । स्वास्थ्य अवस्थाको जानकारी भएपछि कहाँ राख्ने भन्ने टुङ्गो लाग्नेछ", उहाँले भन्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,website:epratyush.com